अन्तर्राष्ट्रिय बालपुस्तक दिवसको सन्दर्भमा

# बालसाहित्य सर्जकसमक्ष हाँकहरू

– विनयकुमार कसजू




केही दिनअघि जर्मनीमा एक जना किशोरले आफ्नै स्कुलका पन्ध्र जना विद्यार्थी र शिक्षकहरूलाई गोली हानेर मार्‍यो र आफू पनि मर्‍यो । यस्तो घटना अमेरिकामा वर्षमा औसत दुइटा र युरोपमा एउटा हुने गर्छ । यस्ता दुर्घटना र विकृतिका लागि अधिकांश समाजशास्त्रीहरू आधुनिक मिडिया, टेलिभिजन र इन्टरनेटमा व्याप्त हिंसा, हत्या, यौनअपराध र आतंकका विषयवस्तुको प्रस्तुति र प्रभावलाई दोष दिन्छन् ।

नेपाल पनि त्यही दिशातिर बढिरहेको छ । हाम्रो समाज र खास गरी अनजान बालबालिकाहरू हानीकारक मिडियाको दुष्प्रभावको सिकार बन्ने क्रम निरन्तर बढिरहेको छ । आधुनि संचार प्रविधिले गर्दा यस्तो विकृति बढिरहको छ भन्छन् समाजशास्त्रीहरू । नेपाली बालबालिका दुई खालका खतराको सिकार बन्ने सम्भावना बढी छ ।

पहिलो, नेपालको आकास भूउपग्रहको माध्यमबाट प्रसार हुने सबै प्रकारका टीभी कार्यक्रम र च्यानलहरूका लागि खुल्ला छ र इन्टरनेटले यसमा हानीकारक विषयवस्तु झन थप्दैछ । दोस्रो, नेपाली बालबालिकाका लागि चाहिने र उपयुक्त मानसिक खुराकको रूपमा बालाहित्यको विकास भएको छैन । बालसाहित्यको जिम्मा न त राज्यले लिएको छ न नागरिक समाजले नै लिएको छ । त्यसमाथि, बालसाहित्यको सिर्जना, उत्पादन, वितरण, प्रकाशन र प्रसारणमा लागेकाहरूले जुन गम्भीरता र जिम्मेवारीका साथ लाग्नु पर्ने हो त्यो गम्भीरता र जिम्मेवारीको कमी देखिनु आश्चर्यको विषय छ । यो लेखको सरोकार बालसाहित्यको सिर्जना र सर्जकहरूसँग छ ।

बालबालिकाहरू पुस्तक पढ्न छाडेर टेलिभिजन र इन्टरनेटमा धेरै समय बिताउने प्रवृत्ति विश्वभरि नै बढिरहेको समस्या हो । नेपाल पनि यसबाट अछुतो छैन । इन्टरनेटमा धेरै समय बिताउने किशोरहरूमा विभिन्न मानसिक विकृतिको सिकार हुनुका साथै सामाजिक मूल्यमान्यताविहीन पनि हुन्छन् भन्ने कुरा विभिन्न अध्ययनहरूबाट देखिएको छ । यसैले बालबालिका, खास गरी किशोरहरूलाई पुस्तक पढ्नतिर कसरी आकर्षित गर्ने भन्ने उपाय खोज्ने काममा सचेत अभिभावक र शिक्षाविदहरू लागेका छन् । यसै मेसोमा अन्तर्राष्ट्रिय बालपुस्तक दिवसलाई उपयोग गर्नु पर्छ भनेर यो वर्ष झनै विशेष रूपमा विश्वभरि मनाइँदैछ ।

अन्तर्राष्ट्रिय बालपुस्तक दिवस सन् १९६७ देखि मनाउन थालिएको हो । सन् १८०५ अप्रैल २ को दिनमा जन्मेका बालबालिकाका प्रिय कथाकार हान्स क्रिस्चियन एन्डरसनको सम्झनामा “बालबालिकाका लागि पुस्तक सम्बन्धी अन्तर्राष्ट्रिय वोर्ड” (आईबीबीवाई) ले यो दिन रोजेको हो । आईबीबीवाई एउटा गैरनाफमुखी अन्तर्राष्ट्रिय संस्था हो । यो केटाकेटीलाई पुस्तकसँग रमाउन लगाउने उद्देश्यमा लागिपरेका संसारभरिका मानिस र संस्थाहरूको संजाल

हो । आजको दिन संसारभरिका लेखक, कलाकार, प्रकाशकहरूले बालसाहित्य र बालपुस्तकको लेखन, प्रकाशन, प्रवर्द्धनसँग सम्बन्धित विभिन्न विषयमा गोष्ठी, छलफल, पुस्तक प्रदर्शनी, प्रतियोगिता आदिको आयोजना गरेर तथा बालसाहित्यको पुरस्कारको घोषणा गरेर मनाउँछन् । विद्यालय तथा पुस्तकालयहरूले पनि यो दिवस विभिन्न कार्यक्रम गरेर मनाउँछन् । बालबालिकालाई पुस्तकतिर आकर्षित गर्नु र उनीहरूलाई पुस्तकको संसारमा रमाउन लगाउनु यो दिवसको मुख्य उद्देश्य हो ।

बालपुस्तक अन्तर्राष्ट्रिय वोर्डले आफ्ना सदस्य देशहरूमध्ये हरेक वर्ष एउटा राष्ट्रिय सदस्यलाई अन्तराष्टिय बालपुस्तर दिवसको प्रायोजक छान्छ । त्यसरी छानिएको समितिले एउटा विषय तय गर्छ र आफ्नो देशको एक जना ख्यातिप्राप्त लेखकलाई बालपुस्तक दिवसको सन्देश बनाउन अनुरोध गर्छ । त्यही देशको ख्यातिप्राप्त कलाकारले त्यो सन्देशमा आधारित पोस्टर ( चित्र) तयार पर्छ । यसरी तयार पारिएको पोस्टरलाई बालवालिका, अभिभावक तथा लेखकहरूलाई बालसाहित्यतिर आकर्षित गर्ने काममा प्रयोग गरिन्छ ।

यस वर्ष इजिप्टको अन्तर्राष्ट्रिय पुस्तक बोर्ड ईबीबीवाईलाई अन्तर्राष्ट्रिय पुस्तक वर्षको प्रयोजक छानिएको छ । त्यसले “म नै संसार हुँ” (आई एम द वर्ल्ड) भन्ने सन्देशलाई यो वर्षको नारा बनाएको छ । यसै पंक्तिबाट सुरु हुने एउटा कविता पनि रचिएको छ । यसै नाराको आधारमा कलाकार हानी डी. एलमस्रीले पोस्टर तयार पारेका छन् ।

नेपाली बालसाहित्य सिर्जनाको इतिहास एक सय सोह्र वर्षभन्दा लामो छैन । प्रकाशित पुस्तक संख्याको हिसाबले सय वर्षभित्र मात्र तेह्र सयजति पुस्तक छापिएका छन् । बालसाहित्यका पुस्तक र पत्रपत्रिकामा प्रकाशित विभिन्न विधाका विषयवस्तुलाई विश्लेषण गर्दै समग्रमा नेपाली बालसाहित्यको चरित्र, विशेषता र प्रवृत्तिका बारेमा भएका सीमित अध्ययनहरूबाट निम्नलिखित कुरा स्पष्ट भएका छन् :

बालसाहित्य लेखनलाई दोस्रो दर्जाको लेखन वा सिर्जना ठानिन्छ । केही अपवादलाई छाडेर सबैजसो बालसाहित्य सर्जकहरूको समेत यही मत छ ।

बालसाहित्य सर्जकहरू बाहिरी संसारको बालसाहित्यबारे बेखबर छन् । बालसाहित्यका आधुनिकतम विधा, प्रविधि र माध्यमबारे चासो राख्दैनन् । अधिकांश सर्जकहरू आफ्नोबाहेक अरूको रचना पढ्दैनन् । पढ्न रुचाउन्नन् ।

नेपालमा बालसाहित्य बिना योजना, विना परिकल्पना र बिना बौद्धिक चिन्तन वर्षाको च्याउझैँ बिना मेसो, जहाँ पायो त्यहाँ उम्रिरहेछ, हुर्किरहेछ, फैलि पनि रहेको छ ।

प्रौढका लागि लेख्नु भन्दा बालबालिकाका लागि लेख्नु धेरै गाह्रो साथै जिम्मेवारीयुक्त सिर्जना हो भन्ने कुरा बुझ्ने र गम्भीर रूपमा लिने बालसाहित्य सर्जकहरू औँलामा गन्न पुग्ने संख्यामा पनि छैनन् ।

माथिका तीता कुरा लेख्नु परेको मुख्य कारण पनि यही हो । तर उद्देश्य नेपाली बालबालिकाको मानसिक विकासका लागि उपयुक्त बालसाहित्यको विकासको लागि सरोकारवालाहरूलाई झकझक्याउनु हो ।

आफ्नी आमाले पकाएको खानेकुरा मानिसलाई सबैभन्दा मिठो लाग्छ । किन भने आमाले जन्मेदेखि जिब्रोमा जुन स्वादमा बालकको बानी बसालिदिन्छन् त्यही स्वाद जीवनभरि

मिठो लाग्छ । अहिले विश्व बजारमा केटाकेटीलाई जन्मेदेखि उनीहरूको जिब्रोमा विशेष स्वाद बसालेर जीवनभरि उसलाई त्यो खाद्यवस्तुको ग्राहक बनाउने होड चलेको छ ।

यही कुरा बालबालिकाको मानसिक खुराकमा पनि लागू हुन्छ । कुनै पनि बालबालिकाले जन्मने बित्तिकै न त भाषा जानेको हुन्छ, न सामाजिक व्यवहार जानेको हुन्छ । नैतिक मूल्यमान्यता, आचरण, सोच र व्यवहार उसले पछि सिक्छ । यो सिकाउने काम मानिसको सृष्टि भएदेखि केही वर्ष अघिसम्म बालकका आमाबा, अभिभावक र गुरु वा शिक्षकहरूले गर्दै आइरहेका थिए । तर अहिले ती कुरा सिकाउने अरू नै छन् । संचार र आमसंचारका विविध माध्यम र प्रविधिको आविष्कार र प्रचलन बढेपछि ती परम्परागत शिक्षकहरूको भूमिका स्वात्तै घटको छ । उनीहरूको ठाउँमा नयाँ शिक्षकहरू, टेलिभिजन, इन्टरनेट, ब्लग आदिको उदय भएको छ । तर ती नयाँ शिक्षकहरूसँग समाज र सन्तानप्रति कुनै जिम्मेवारी छैन । केवल उनीहरूसँ बेच्ने मालसामान हुन्छ । आफ्ना उत्पादन र सेवा विकाउनका लागि उनीहरूले विभिन्न शैली, प्रविधि र माध्यमहरूको प्रयोग गरिरहेका छन् ।

यहीँ आएर बालसाहित्य सर्जकको गहन जिम्मेवारी सुरु हुन्छ । यो जिम्मेवारी प्रौढ साहित्य सर्जकको भन्दा महत्वपूर्ण हुन्छ किनकि प्रौढहरूसँग राम्रो नराम्रो कुरा थाहा पाउने, आलोचनात्मक दृष्टिले हेर्ने क्षमता हुन्छ, जो बालबालिकामा कमै हुन्छ । त्यस्तै प्रौढहरूको सोच र व्यवहारमा सामाजिक मूल्यमान्यता बसिसकेको हुन्छ भने बालबालिकाहरूले नयाँ मूल्यमान्यता ग्रहण गर्न थालेका हुन्छन् । बालसाहित्य सर्जकले अनजान बालबालिकाको दिमागमा मूल्यमान्यता, सोच, संस्कृति र व्यवहारको बीउ रोप्छ । कालान्तरमा गएर उनीहरू कस्ता नागरिक बन्छन् भन्ने कुरा यसैमा भर पर्छ । बालसाहित्य राष्ट्र निर्माणका साथै सही व्यक्तित्व निर्माणका लागि पनि कति महत्वपूर्ण छ भन्ने कुरा यसबाट पनि स्पष्ट हुन्छ ।

वास्तवमा बालसाहित्य सर्जक कुनै विषय वा घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्ने पत्रकार होइन, न त ऊ उपदेश र मन्त्र दिने गुरु वा ऋषिमुनि नै हो । आधुनिक बालसाहित्य न त उपदेशको भारी हो न नैतिक शिक्षाको पाठ नै हो । अहिलेका बालसाहित्य सर्जकले टेलिभिजन र इन्टरनेटले दिएको हाँक स्वीकार गर्दै बालबालिकालाई रमाइलो/मनोरंजन गर्दै शिक्षा दिनु पर्नेहुन्छ जसलाई शिक्षारंजन (इन्फोटेन्मेन्ट) पनि भनिन्छ ।

बालसाहित्य सर्जकले बालबालिकालाई कल्पनाको संसारमा डुलाउँदै संसार र समाजको वास्तविक घरातलमा उभिन, बाँच्न र संघर्ष गर्न मानसिक रूपले तयार बनाउँछ । सर्जकले प्रस्तुत गर्ने हरेक कथा, भाषा, शैली, विधा र प्रविधिमार्फत बालकमा असल मूल्यमान्यता संचार गर्नुपर्छ । के सोच्ने भनेर सिकाउनु भन्दा कसरी सोच्ने भन्ने सिकाउँछ । डाक्टर, इन्जिनियर, पाइलट बन भन्दैन, जे बनेर समाज र देशको हित हुन्छ त्यही बन्ने प्ररित गर्छ । ठूलो मान्छे बन्नुभन्दा असल मान्छे बन्न सघाउँछ ।

अन्नपूर्ण पोस्ट दैनिक, २०६५ चैत २० गते प्रकाशित ।

Monday, March 30, 2009